प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अन्तर्गत कृषक समूह/सहकारी/नीजि फार्मको लागि माग संकलनको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०५/०४**

यस निर्देशनालयको आ.व.२०७६/०७७ को स्विकृत कार्यक्रम अनुसार यस प्रदेशका कृषकहरुलाई कृषि यन्त्र उपकरणमा ५०% अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले कृषि यान्त्रीकरण प्रवर्धन सम्बन्धी दोश्रो संशोधित कार्यविधि अनुसार कृषि यन्त्र उपकरणहरु फोर ह्वील ट्र्याक्टर (अधिकतम ६० एच.पि.), ढुवानी ट्रक, कम्बाईण्ड हार्भेष्टर, सिंगल क्याप पिकअप र लेजर ल्याण्ड लेभेलर (खाडल खन्ने मेशिन) लिन ईच्छुक कृषक समूह/सहकारी/नीजि फार्मको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरुमा वा निर्देशनालयमा आवेदन दिनको लागि जानकारी गराईन्छ ।

<u>आवेदनको लागि तपसिलमा उल्लेखित विशेषता (Criteria) पुरा भएको हुनुपर्नेछ ।</u>

1. कृषक समूह/सहकारी/नीजि फार्मले आवेदन दिन तराईमा कम्तिमा ५० बिगाहा, पहाडमा कम्तिमा ५०० रोपनी जग्गा चक्लाबन्दी वा एकिकृत रुपमा भएको हुनुपर्नेछ । लिजमा जग्गा लिएको भए (कम्तिमा १० वर्षको लागि) लिजको कागज पेश गर्नु पर्नेछ ।

**नोटः**

- रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
- उक्त यन्त्रहरु अन्य प्रयोजनमा प्रयोग भएको पाईएमा मन्त्रालय/निर्देशनालय/कृषि ज्ञान केन्द्रबाट जफत गरिने छ ।

विस्तृत जानकारीको लागि कृषि विकास निर्देशनालयको फोन नं. ०५७-५२०५६६ वा कार्यविधिको लागि भू.व्य.कृ.तथा.स.म.को वेवसाईट www.molmac.p3.gov बाट प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन इकाई (मकै-जोन)**
**सिन्धुपाल्चोक**

## कार्यक्रममा आवद्ध हुन इच्छापत्र पेश गर्ने सम्वन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६।०५।०२ गते

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन इकाई (मकै– जोन), सिन्धुपाल्चोक मार्फत आ. व. ०७६।७७ का लागि वार्षिक स्विकृत कार्यक्रम अनुसार मकै तथा मकैबीउ उत्पादन, कृषि यान्त्रिकरण प्रशोधन तथा बजारिकरण जस्ता कार्यक्रम यस् जोनको कमाण्ड क्षेत्र **(सुनकोशी गाँउपालिका वडा नं ४ र ६। बलेफी गाँउपालिका वडा नं १, २, ४ र ५। चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ४ देखि १४ सम्म। इन्द्रावती गाउँपालिका वडा नं ५ देखि १२ सम्म र मेलम्ची नगरपालिका वडा नं १, २, १२ र १३)** भित्र निरन्तर रुपमा संचालन हुने भएकोले उक्त कार्यकममा सुचिकृत नभएका तर कार्यकममा सहभागि हुन इच्छुक कियासिल कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, जल उपभोक्त समिति, कृषि फर्म तथा कम्पनिहरुले तपशिल बमोजिमका आवश्यक विवरण तथा कागजात सहित मिति २०७६।०५।१५ भित्र परियोजना कार्यान्वयन इकाई, मकै जोनको कार्यालय चौतारामा इच्छापत्र पेश गर्नुहुन सम्बन्धित सवैको जनाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. व्यवसायिक मकै उत्पादनको हकमा बाह्रै महिना प्रशस्त मात्रमा सिचाईको सुविधा रहेको वा सम्भावना रहेको स्थान।
२. जग्गा चक्लाबन्दि गरि कृषि यान्त्रिकरण मार्फत खेति गर्न सकिने स्थान वा एउटै रोड करिडोरमा रहेको जग्गा भएको हुनुपर्नेछ।
३. जग्गा भाडामा लिई खेति गरिराखेको अथवा गर्न चाहेमा कम्तिमा पनि ५ बर्षको संझौतापत्रको प्रतिलिपि।
४. कार्यकममा सहभागी हुने आशय सहितको सम्वन्धित संघ संस्थाको निर्णय प्रतिलिपि।
५. अनिवार्य रुपमा मकै लाइनमा रोपि कृषि यान्त्रिकरणलाई बढावा दिने निर्णय सहितको पत्र।
६. सम्वन्धित फर्म तथा संस्थाको प्यान नं तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
७. नागरिकता तथा लालपुर्जाको प्रतिलिपि ।
८. निवेदनमा रु १० को टिकट टाँस सहित सम्वन्धित वडा कार्यालयको सिफारिस ।
९. विवरण भर्ने फारम यस प्रकार छ।

| क सं | कृषि समुह/ सहकारीको नाम | समुह/सहकारीमा आवद्ध कृषकको नाम, ठेगाना | जग्गाको क्षेत्रफल | कित्ता नं | खेति गरेको जमिन रोपनि | | बाली प्रणाली, बर्षभरी गरिने खेतिको विवरण उल्लेख गर्ने जस्तै धान मकै | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिंचित | असिंचित | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

विस्तृत जानकारीको लागि
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (मकै – जोन)
सम्पर्क नं ०११– ६२०१२५
Sindhuzone75@gmail.com

प्रकाश पौडेल
वरिष्ठ कृषि अधिकृत

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०५।०२ गते

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन इकाई(मकै- जोन), सिन्धुपाल्चोकको आ.व. ०७६।७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (Output Based Incentive) कार्यक्रम संचालन कार्यविधि २०७३ अनुसार प्रतिरोपनि रु ५०० का दरले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण गरिने कार्यक्रम रहे अनुसार यस् परियोजना कार्यान्वयन इकाई सिन्धुपाल्चोकमा सुचिकृत भई गत आ.ब. ०७५।७६ मा उन्नत प्रविधि अवलम्बन गरि व्यवसायिक मकै खेतिमा संलग्न रहेका व्यवसायिक कृषक, कृषक समुह तथा सहकारीहरुलाई तपशिल बमोजिमका बिवरण सहित मिति २०७६।०५।२० भित्र परियोजना कार्यान्वयन इकाई, सिन्धुपाल्चोक, चौतारामा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम यस जोनको कमाण्ड क्षेत्र (सुनकोशी गाँउपालिका वडा नं ४ र ६। बलेफी गाँउपालिका वडा नं १, २, ४ र ५। चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ४ देखि १४ सम्म।इन्द्रावती गाउँपालिका वडा नं ५ देखि १२ सम्म र मेलम्ची नगरपालिका वडा नं १, २, १२ र १३) भित्र मात्र लागु हुनेछ।

२. न्युनतम ५ रोपनि क्षेत्रफलमा अनिवार्य रुपमा मकै लाइनमा रोपि उन्नत प्रविधि अवलम्वन गरि मकै बालीको क्षेत्र बिस्तार गरेका व्यवसायिक कृषक, कृषक समुह, कृषि सहकारीहरुलाई मात्र यस कार्यक्रमका लागि छनौट गरिनेछ।

३. जग्गा धनिको लालपुर्जा तथा नागरिकताको प्रतिलिपि। जग्गा भाडामा लिई मकै खेति गरिराखेको अवस्थामा कम्तिमा पनि ५ वर्षको संझौता पत्रको प्रतिलिपि।

४. कार्यक्रममा सहभागी हुने आशय सहितको सम्वन्धित संघ संस्थाको निर्णय प्रतिलिपि।

५. निवेदनमा रु १० को टिकट टाँस सहित सम्वन्धित वडा कार्यालयको सिफारिस।

६. प्राप्त भएका आवेदनहरुको स्थलगत अनुगमन पश्चात उपयुक्त ठहर भएमा मात्र प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण गरिनेछ।

७. बिवरण भर्ने फारम यस प्रकार छ।

| क सं | कृषि समुह/ सहकारीको नाम | समुह/सहकारीमा आवद्ध कृषकको नाम, ठेगाना | उन्नत प्रविधि अवलम्वन गरी मकै खेति गरेको जग्गाको क्षेत्रफल (रोपनिमा) | कित्ता नं | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

विस्तृत जानकारीको लागि
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई (मकै – जोन)
सम्पर्क नं ०११– ६२०१२५
Sindhuzone75@gmail.com